Website: besishaharmun.gov.np
Email: besishaharmunicipality@gmail.c

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

..................शाखा
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन न. ०६६-५२०१५०

प.सं : २०८१/८२
च.नं : १५५४

मिति : २०८१/११/१२

**विषय : ११५औं अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सम्बन्धमा ।**

श्री वडाध्यक्षज्यूहरु,
वडा कार्यालय सबै (११ वटै)
बेसीशहर नगरपालिका, लमजुङ ।

प्रस्तुत विषयको सम्बन्धमा " TO ALL WOMENT AND GIRLS: RIGHT, EQUALITY AND EMPOWERMENT" भन्ने अन्तर्राष्ट्रिय नारा र "सबै महिला र बालिकाको लागिः अधिकार, समानता र सशक्तिकरण" भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको ११५ औं अन्तर्राष्ट्रिय महिला दिवस ८ मार्च २०२५ (२०८१ फागुन २४) को सन्दर्भमा नगरपालिकास्तरमा देहाय वमोजिमका कार्यक्रम तय गरिएको हुँदा तहाँ वडाबाट आवश्यक सहयोग, समन्वय, सहजीकरण र सहभागिताको लागि अनुरोध गरिन्छ ।

**कार्यक्रमहरु:**

**१.खुल्ला लोकगीत प्रतियोगिताः**

(क) हरेक वडाबाट वडास्तरीय एउटा समुह सहभागी हुने हुँदा बढीमा ११ वटा टीम सहभागी हुने । प्रति समुह ५ देखि ७ जनासम्म महिलाहरु सहभागी हुनुपर्ने टीमलाई वडाले सिफारिश गर्नुपर्ने । (नाच्ने सहित)

(ख) प्रतियोगितामा सञ्जाल र आमा समुहमा रहेका महिलाहरु मध्येबाट सहभागी हुने ।

(ग) प्रतियोगिता मिति २०८१ फागुन २४ गते ११.०० बजे जिल्ला समन्वय समितिको सभाहलमा सञ्चालन हुनेछ ।समयमा उपस्थित हुन नसक्ने टीमलाई सहभागी गराउन सकिनेछैन ।

(घ) वडाहरुबाट नामावली २०८१ फागुन २२ गते ५.०० बजेभित्र आइसक्नु पर्नेछ ।

(ङ) पुरस्कार राशी प्रथम, द्वितिय र तृतिय र सान्त्वना क्रमश रु. १० हजार, ७ हजार र ५ हजार र ३ हजार हुनेछ साथै पुरस्कृत हुने र सहभागी हुने सवैलाई प्रमाणपत्र प्रदान गरिनेछ ।

(च) लोकगीत जुनसुकै लोकलयको भाकामा हुन सक्नेछ तर तीजको भाकामा पाइने छैन ।

Website: besishaharmun.gov.np
Email: besishaharmunicipality@gmail.c

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

..................शाखा

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

फोन न. ०६६-५२०१५०

(छ) लोकगीतको विषय लैंगिक समानता, महिला सशक्तिकरण, महिला हक अधिकार, महिला हिंसा न्यूनीकरण, महिलामाथि भएका शोषण, अन्याय, दुर्व्यवहार, महिलाहरुको पीरवेदना लगायत महिलासंग सम्बन्धित विषयमा हुनुपर्नेछ ।

(ज) वाद्यवादन सामाग्री र वाद्यवादकहरु आयोजकले व्यवस्था मिलाउनेछ ।

**२. उत्कृष्ठ महिला वा महिला लक्षित संस्था सम्मान कार्यक्रम:**

(क) विभिन्न क्षेत्रमा उल्लेख्य योगदान पुर्याउने महिला वा महिला संस्था सम्मान कार्यक्रम ।

(ख) सम्मान नगद रु. ५ हजार, दोसल्ला र प्रमाणपत्रबाट गरिनेछ ।

(ग) वडाहरुले सम्मानयोग्य महिलाहरुको विवरण मौखिक वा लिखित रुपमा नगरपालिकामा जानकारी दिनुहुन अनुरोध गरिएको छ ।

**३. सचेतनामूलक र्‍याली:**

(क) २०८१ फागुन २४ गते शनिबार विहान ११.०० बजे मनाङेचौताराबाट शुरु भई जिसस सभाहलमा समारोहमा परिणत हुने ।

(ख) सबै वडाहरुको महिला सञ्जालहरुको सहभागिता रहने । वडा नं ७, ८ को सबै आमा समुहहरु र अन्य वडाहरुको हकमा नजिक रहेका आमा समुहहरुको समेत सहभागिता रहने ।

**४. वडास्तरीय कार्यक्रमहरु:**

(क) सबै वडाहरुले फागुन २४ अगावै वडास्तरीय महिला सञ्जालहरुको आयोजनामा विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाउने ।

..................
दिपेश अधिकारी
प्रशासकीय अधिकृत (सातौं)